आज मिति २०८० साल भाद्र ११ गते सोमबारका दिन दिउसो २.०० बजे यस मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको १४ औ बैठक बस्यो ।

उपस्थिति

| क.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदास प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थित |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थित |
| २० | सदस्य–सचिव | श्री विजयराज सुवेदी | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशव सिलवाल | उपस्थित |
| २ | प्रमुख प्रशासन शाखा | श्री हरि लक्ष्मी श्रेष्ठ | उपस्थित |
| ३ | अमिन | श्री गोकुल रेग्मी | उपस्थित |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरु:

१. नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा।

२. आ.ब २०८० मा संचालन गरिने जात्र पर्ब सम्बन्धमा ।

३. विविध ।

निर्णय न १ :

यस नगरपालिका स्थापनाकाल देखि नै वडा नं ६ को स्वास्थ्य चौकी रहेको भवनमा रही कार्य संचालन गर्दै आएकोमा भवनको अपर्याप्तता र जम्मा क्षेत्रफल नापी नक्शा बमोजिम ८२२.६९ ब.मी रहेको हालको स्थानमा नयां भवन निर्माण गर्न जग्गाको कारण सम्भव नभएकोले यसै वडाको कमेरोटार जग्गा एकिकरण आयोजना संचालित देहाय बमोजिमका व्यक्तिका निजि स्वामित्वमा रहेका जग्गा खरिद गरि तत् तत् जग्गा र ति जग्गासंगै जोडिएका कि.नं ३ को सरकारी जग्गा (स्कुल,नगरपालिकाले संरक्षण गरिरहको ) समेतमा नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्ने गरि कार्यापालिकाबाट मिति २०८०।०५।०८ निर्णय भएकोले तथा चालु आ.व २०८०।२०८१ को विनियोजित ऐन २०८० मा सो कार्यका लागि रु. ६ करोड विनियोजन समेत भएकोले निम्न लिखित जग्गा , जग्गा प्राप्ति ऐन २०३४ को दफा ३ क. बमोजिम जग्गा प्राप्ति गर्ने प्रयोजनका लागि श्री संघिय मामीला तथा सामान्य प्रशासन मंत्रालय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने ।

तपसिल

| सि.न | ज.ध | स्थान | सिट न | कि.न | क्षे.फ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरोज प्रजापती र सर्य नारायण प्रजापती | म.थि.न.पा ५ | ९/१०२११९०१४ | १० | ८० ब.मी | |
| २ | केदार श्रेष्ठ | म.थि.न.पा ५ | ९/१०२११९०१४ | ११ | १०६.९७ | |
| ३ | बिमला कुमारी यादव | म.थि.न.पा ५ | ९/१०२११९०१४ | १२ | १०५.१८ ब.मी | |

निर्णय न २ :

यस नगरपालिकाको परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै मनाईने देहाय बमोजिमका चार्ड पर्बलाई देहाय बमोजिमको रकम चालु आ.बको सि.नं ७७ ख.शि नं २५३१४ मा विनियोजित बजेटबाट खर्च ब्यहोने गरी उपलब्ध गराउने ।

तपसिल

| सिनं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | थिमि भैला चपाचो वडा नं-६ | ४,००,०००। (अक्षरेपी रु. चार लाख मात्र) | |
| २ | निल बाराही नाच बोडे वडा नं -८ | ४,००,०००।( अक्षरेपी रु. चार लाख मात्र) | |
| ३ | लाखे नाच वडा नं -४ | १,००,०००।( अक्षरेपी रु. एक लाख मात्र) | |
| ४ | श्री कृष्ण पुजा वडा नं -४ | ३,००,००० ।(अक्षरेपी रु. तिन लाख मात्र) | |
| ५ | श्री राधा माधव समिति ( राधे राधे) वडा नं-९ | २,००,०००। (अक्षरेपी रु. दुई लाख मात्र) | |
| ६ | पोंङ् गुटी वडा नं-५ | १,००,००० ।(अक्षरेपी रु. एक लाख मात्र) | |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ७ | गुंला धर्म (नगदेश) वडा नं -७ | ३,००,०००।( अक्षरेपी रु. तिन लाख मात्र) | |
| ८ | गुंला धर्म (बज्राचार्य) वडा नं -५ | २,००,०००।(अक्षरेपी रु. दुई लाख मात्र) | |
| ९ | गुंला धर्म (सिवा सायमी खल) वडा नं -४ | ३,००,०००।(अक्षरेपी रु. तिन लाख मात्र) | |
| १० | दिव्यधरी ज्ञान माला भजन वडा नं -१ | ५०,०००।(अक्षरेपी रु. पचास हजार मात्र) | |
| ११ | कुतिचिवा भजन खल वडा नं-५ | ५०,०००।( अक्षरेपी रु. पचास हजार मात्र) | |
| १२ | नबदुर्गा भजन वडा नं-३ | ५०,०००।( अक्षरेपी रु. पचास हजार मात्र) | |
| १३ | बोडे भजन खल वडा नं-८ | ५० ,०००।( अक्षरेपी रु. पचास हजार मात्र) | |
| १४ | बनदेबी भजन खल वडा नं-४ | ५० ,०००।( अक्षरेपी रु. पचास हजार मात्र) | |
| १५ | पंचाया भजन खल वडा नं-२ | ५०,०००।(अक्षरेपी रु. पचास हजार मात्र) | |
| १६ | निलबाराही बाजा खरिद वडा नं-८ | १,४०,०००।( अक्षरेपी रु. एक लाख चालिस हजार मात्र) | |
| १७ | सिद्धिगणेश बाजा भजन द्धारे टोल वडा नं -१ | ५०,०००।( अक्षरेपी रु. पचास हजार मात्र) | |

निर्णय न ३ :

साविकमा यस नगरपालिकाबाट जग्गा बिकास कार्यक्रम संचालन गर्ने भनी रोक्का राखिएका जग्गामा भवन निर्माण गरी व्यवसाय सन्चालन गरेका, हालसाबिक हुँदा घरकायम गरी घरधनीले सोही बमोजिम सिफारिस समेत माग गर्ने गरेको घर जग्गाकर, चारकिल्ला सिफारिस ,घर बाटो सिफारिस , धितो बन्धक सिफारिस , हक हस्तान्तरण सिफारिस समेतमा वडा न. २ बाट निर्देशन माग गरेको सम्बन्धमा छलफल हुँदा त्यसरी दिइने सिफारिसको आधारमा घर नक्शापासको प्रक्रियामा कुनै पनि कानूनी दायित्व नगरपालिकामा सिर्जना नहुने व्यहोरा अभिलेखमा जनाइ सिफारिस दिने गरी सबै वडा कार्यालयमा परिपत्र गर्ने निर्णय गरियो ।

निर्णय न ४ :

यस नगरपालिकामा मुद्दा मामिलाको चाप बढदै गएकोले नगरपालिकालाई आवश्यक पर्ने कानूनी परामर्श लिन , स्विकृत गरिने ऐन,नियम,कार्यविधि लगायतका कानून निर्माणमा सहयोग गर्न ,नगरपालिकाको तर्फबाट बिभिन्न अड्डा अदालतमा दायर गर्न पर्ने निबेदन, फिरादपत्र, प्रतिउत्तरपत्र ,लिखितजबाफ ,पुनराबेदनपत्र ,पुनराबलोकन पत्र समेत तयार गर्न , मुद्दा मामिलहरुमा अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने समेतका लागि कानूनी सल्लाहकारको थप आवश्यक्ता रहेकोले अधिकृत स्तर सातौ वा सो सरहको मासिक पारिश्रमिक उपलब्ध गराउने गरि २०८० साल भाद्र १ गतेबाट लागु हुने गरि २०८१ असार मसान्त नमस कार्की वरिष्ठ अधिबक्ता प्र.प.न ४७९ लाई वरिष्ठ कानूनी सल्लाहकार नियुक्ति गर्ने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत